नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

फोन:०१-४२००३३१
०१-४२००३३२
www.mofaga.gov.np

प.सं.: ०७५/७६
च.नं.: ५८

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

Email: siss2075@gmail.com
सिंहदरबार, काठमाण्डौ ।

मिति : २०७५।०८।०४

श्री जिल्ला समन्वय समिति (७७ जिल्ला),
श्री स्थानीय तह सबै ।

**विषयः- लैङ्गिक हिंसा विरुद्धको सचेतनामुलक अभियान सम्बन्धमा।**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं ४१, मिति २०७५।०८।०३ को पत्र तथा कार्यक्रम विवरण यसैसाथ संलग्न छ । सो पत्र अनुसार प्रत्येक वर्ष २५ नोभेम्बर देखि १० डिसेम्बरसम्म अन्तर्राष्ट्रिय रुपमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने सन्दर्भमा यस वर्ष पनि संलग्न कार्यविवरण बमोजिम अभियान मनाउनका लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७५।०८।०२ मा निर्णय भएको व्यहोरा अनुरोध छ ।

बन्दना कर्ण
शाखा अधिकृत

**बोधार्थ :**

श्री सुचना शाखा तथा प्रविधि शाखा : website मा upload गरिदिनुहुन ।

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.: ४१/२०७५/०६०

मिति २०७५/०८/०३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार।

विषय : लैंगिक हिंसा विरुद्धको सचेतनामुलक अभियान सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा प्रत्येक बर्ष २५ नोभेम्वर देखि १० डिसेम्बरसम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने गरिएको छ। महिला तथा बालिकाहरुको मानव अधिकारको संरक्षण गर्न, उनीहरुको सम्मानपूर्वक बाँच्न पाउने हक अधिकार सुनिश्चित गर्न तथा विकासको समान साझेदारको रुपमा स्थापित गरी लैगिक समानता कायम गर्न नेपालमा पनि २०५४ साल देखि यस अवधिमा लैंगिक हिंसा विरुद्धमा विविध सचेतनामूलक कार्यक्रम गरी मनाउने गरिएको छ।

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५/८/२ गतेको बैठकले "**सम्वत २०७५ साल मंसीर ९ गते देखि मंसीर २४ गतेसम्म (२५ नोभेम्बरदेखि १० डिसेम्बर २०१८ सम्म) सामाजिक सचेतना सहित लैंगिक हिंसा विरुद्धको अभियान संचालन गर्न संघीय सरकारका मन्त्रालय तथा निकायहरु, सातैवटा प्रदेश सरकार, ७७ वटै जिल्ला समन्वय समिति, ७५३ स्थानीय तह एवं त्यसका वडाहरु, सरोकारवाला निकायहरु, विद्यालय, सामाजिक संघ संस्थाहरुलाई आब्हान गर्ने र प्रत्येक वर्ष नोभेम्वर महिनाको २५ तारिखलाई महिला हिंसा विरुद्धको अभियान दिवसको रुपमा मनाउने**" निर्णय गरेको छ। यसै सन्दर्भमा सवै प्रदेशमा प्रदेश मुख्य मन्त्रीज्यू एवं प्रदेशका सवै मन्त्रीज्यूहरु, प्रदेश सभाका सांसदहरु, जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुखहरुको सहभागितामा देहाय अनुसार हुने लैंगिक हिंसा विरुद्धको अभियान कार्यक्रममा सवै स्थानीय तहका प्रमुख, उपप्रमुख सहभागी गराईदिने व्यवस्थाका लागि आवश्यक समन्वय तथा पत्राचार गरिदिनुहुन मिति २०७५ /८ /३ को मा. मन्त्रीस्तरीय निर्णयानुसार अनुरोध गरिन्छ। नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५/८ /२ गतेको निर्णयको छायाँप्रति पत्रसाथ संलग्न छ।

| प्रदेश | कार्यक्रम हुने दिन | स्थान | प्रमुख अतिथि | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|
| प्रदेश नं ३ | मंसीर ९-१० | राष्ट्रिय सभागृह काठमाडौं | सम्माननीय प्रधानमन्त्री के पि शर्मा ओली | मिठू थापा, ९८५१००२१२१ |
| प्रदेश नं १ | मंसीर ११-१२ | विराटनगर | माननीय मा.उपप्रधामन्त्री ईश्वर पोखेरल | इन्दिरा ओझा, ९८४१७४१३१९ |
| प्रदेश नं २ | मंसीर १३-१४ | जनकपुर | मा.उपप्रधामन्त्री उपेन्द्र यादव | अन्जु ढुगांना, ९८४१८६९१८१ |
| कर्णाली | मंसीर १८-१९ | सुर्खेत | माननीय परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली | रोशनी देवी कार्की, ९८४१६०७३६४ |
| प्रदेश नं ५ | मंसीर २०-२१ | दाङ | सम्माननीय सभामुख, कृष्ण बहादुर महरा, प्रतिनिधि सभा संघीय संसद | सिता परियार, ९८५११६८१३५ |
| गण्डकी | मंसीर २३-२४ | कास्की | सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमल्सिना, राष्ट्रिय सभा | अन्जु ढुगांना, ९८४१८६९१८१ |
| सुदुरपश्चिम | मंसीर २५-२६ | धनगढी | माननीय गृह मन्त्री रामबहादुर थापा | मिठू थापा, ९८५१००२१२१ |

राधिका अर्याल
सहसचिव

नोट: - सहभागी स्थानीय तहका प्रमुख उपप्रमुखज्यूहरुलाई सम्बन्धित जिल्लाको सदरमुकामवाट कार्यक्रमस्थल सम्म आतेजाते ( डोल्पा र हुम्ला जिल्लाको लागि मात्र हवाई यातायात र अन्यको हकमा सार्वजिनक सडक यातायातका साधनको ) र कार्यक्रम अवधि दिन २ को भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ। साथै कार्यक्रम अवधिमा खाने वस्ने व्यवस्था सहभागी आफैले गर्नुपर्ने छ।

# लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियानको कार्यक्रम विवरण

| सि. नं. | समय | विवरण | मुख्य भूमिका | सहयोगी |
|---|---|---|---|---|
| **क)** | **पहिलो दिन** | | | |
| १ | १०.३०११.०० | **रजिष्ट्रेशन** | सहभागीहरु सबै | |
| २ | ११.००-१.०० | कार्यक्रमको उद्घाटन सत्र | प्रमुख अतिथि तथा बिशेष अतिथिहरु | सहभागीहरु सबै |
| | | प्रमुख अतिथिको आगमन | | |
| | | कार्यक्रमको अध्यक्षता | मा. थम माया थापा, मन्त्री, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | |
| | | राष्ट्रिय गान | सबै | |
| | | कार्यक्रमको उद्देश्य तथा स्वागत मन्तव्य | श्री बुद्धिबहादुर खड्का, सचिव महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | |
| | | कार्यक्रमको उदघाटन | प्रमुख अतिथि | |
| | | लैंगिक हिंसाको बर्तमान अवस्था बारेमा मन्त्रालयको तर्फबाट प्रस्तुति | सहसचिव, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | |
| | | मन्तव्य | बिशेष अतिथि, प्रदेश मुख्यमन्त्री | |
| | | मन्तव्य | प्रमुख अतिथि | |
| | | मन्तव्य सहित उद्घाटन कार्यक्रमको समापन | मन्त्री, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | |
| | १:०० - १:३० | खाजा /चिया | | |
| | | **प्राबिधिक सत्र** | | |
| | १.३० - २:३० | कार्यपत्र प्रस्तुति | स्रोत व्यक्ति | |
| | २:३० -४:०० | समुह कार्य | स्रोत व्यक्ति, सहभागी सबै | |
| | | सामूहिक छलफल | | |
| | | सहभागीहरुको समूह बिभाजन तथा छलफल | | |
| **ख)** | **दोस्रो दिन** | **दोस्रो दिन** | | |
| | ११:००-१:०० | समूह छलफल /प्रस्तुति | समूह तथा सहभागीहरु | |
| | १:००- १:३० | कार्यक्रमको समापन | मा. मन्त्री महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | |
| | १:३० -२:०० | खाजा /चिया तथा प्रशासिक कार्यहरु | | |